नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# प्रेस विज्ञप्ती

मा. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू र उपत्यका नगरपालिका फोरमका पदाधिकारी विच आज मिति २०७७।२।१ गते उपत्यकामा कोरोना संक्रमणको जोखिम न्यूनिकरणका सर्न्दभमा विविध विषयमा छलफल कार्यक्रम सम्पन्न भयो । छलफलमा उपत्यकामा कोरोना संक्रमणको दृष्टिकोणवाट जोखिममा रहेका वर्गका व्यक्तिहरुको तत्काले पि.सि.आर विधिवाट कोरोना परिक्षण गर्ने, मन्त्रिपरिषदवाट भएको निर्णय बमोजिम श्रममा आधारित राहत वितरण प्रक्रियालाई विधि सम्मत तरिकाले कार्यान्वयन गर्ने एवं उपत्यका प्रवेशका नाकाहरुलाई थप कडाईका साथ व्यवस्थापन गर्ने विषयमा सहभागिहरुवाट आ आफ्नो धारणा प्रस्तुत भएको थियो । कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री मा.श्री हृदयश त्रिपाठीले उपत्यकामा कोरोना सक्रमणको जोखिम न्यनिकरणमा उपत्यकाका नगर पालिकावाट भएको योगदान एवं प्रयासको प्रशंसा गर्दै आगामी दिनमा अझै सशक्त ढंगवाट सो अभियानमा सहभागी हुन आग्रह गर्नु भयो । उहांले सि.सि.एम.सि.संगको समन्वयमा जोखिममा रहेका वर्गका व्यक्तिहरुको तत्काले पि.सि.आर विधिवाट कोरोना परिक्षणको प्रक्रिया प्रारम्भ गर्न अनुरोध गर्दे राहत वितरण लगायतका विषयमा मन्त्रीपरिषदवाट भएको निर्णय कार्यान्यन गर्न आग्रह गर्नु भयो । नगर पालिका फोरमका अध्यक्ष एवं काठमाण्डौ महानगर पालिकाका प्रमुख श्री बिध्यासुन्दर शाक्यले उपत्यका प्रवेशका नाकाहरुलाई थप कडाइ गर्नु पर्ने, आगामी दिनमा आई पर्ने जोखिमवाट बच्नकालागि स्थानीय तहलाई आवश्यक सहयोग गर्नु पर्ने तथा स्थानीय तहसंग समन्वय गर्दा एकद्धार नीति कायम गरिदिनुपर्ने विषयमा जोड दिनुभयो । कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री सुर्यप्रसाद गौतम, प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालयका सचिव श्री महेन्द्रप्रसाद गुरागांई ,उपत्यका नगरपालिका फोरमका पदाधिकारी लगायतको उपस्थिती रहेको थियो ।

प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन

बसन्त अधिकारी
उप-सचिव